**अवधारणा पत्र**

**अन्तर्राष्ट्रिय महिला दिवस २०८१**

**“सबै महिला र छोरीहरूको अधिकारः समानता र सशक्तीकरणको हकदार”**

## पृष्ठभूमिः

अन्तर्राष्ट्रिय महिला दिवस हरेक वर्ष मार्च ८ का दिन विश्वव्यापी रूपमा मनाइने गरिन्छ । अन्तर्राष्ट्रिय महिला दिवस, ८ मार्च २०२५ को मुख्य नारा “सबै महिला र छोरीहरूको अधिकारः समानता र सशक्तीकरणको हकदार” भन्ने रहेको छ ।

सन् २०२५ को वर्ष बेइजिङ घोषणापत्र र कार्ययोजना (Beijing Declaration and Platform for Action) जारी भएको ३० औं वार्षिकोत्सव हो, जुन १९९५ मा बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनमा १८९ वटा सरकारहरूले पारित गरेको लैङ्गिक समानताका लागि एउटा ऐतिहासिक कार्यढाँचा हो । यो महिला र किशोरीहरूको अधिकार स्थापित गराउन, शिक्षा, स्वास्थ्य, शान्ति, सञ्चार, राजनीतिक सहभागिता, आर्थिक सशक्तीकरण, र महिला विरुद्धको हिंसा अन्त्य गर्ने नीतिहरूलाई दिशानिर्देश गर्ने सबैभन्दा प्रगतिशील विश्वव्यापी खाकाका रुपमा विद्यमान छ । दिगो विकास लक्ष्यहरू पूरा गर्न पाँच वर्ष मात्र बाँकी रहेको अवस्थामा यी प्राथमिकताहरूलाई जलवायु न्याय र डिजिटल नवप्रवर्तनसँगसँगै सम्बोधन गरिनु अति जरुरी छ ।

बेइजिङ घोषणापत्र र कार्य योजनाको ३० औं वार्षिकोत्सव पनि पर्न गएको र “सबै महिला र छोरीहरूको अधिकारः समानता र सशक्तीकरणको हकदार” भन्ने प्रमुख नारा रहेको यस वर्षको अन्तर्राष्ट्रिय महिला दिवसले तीन प्रमुख क्षेत्रहरूमा कदम चाल्नका लागि आह्वान गर्दछ ।

१. महिला तथा किशोरीहरूको अधिकारलाई अगाडि बढाउनुः सबै प्रकारका हिंसा, भेदभाव र शोषणलाई चूनौती दिँदै महिला तथा किशोरीहरूको पूर्ण मानव अधिकारका लागि निरन्तर लड्ने ।

२. लैङ्गिक समानतालाई प्रवद्र्धन् गर्नुः समावेशीता र सशक्तीकरण सुनिश्चित गर्न संरचनागत अवरोधहरूलाई सम्बोधन गर्ने, पितृसत्तालाई उन्मूलन गर्ने, जरा गाडेको असमानतालाई रूपान्तरण गर्ने, र युवाहरू सहित सीमान्तकृत महिला र किशोरीहरूको आवाजलाई बाहिर ल्याउने ।

३. सशक्तीकरणलाई बढावा दिनूः शिक्षा, रोजगारी, नेतृत्व र निर्णय लिने ठाउँहरूमा समावेशी पहुँच सुनिश्चित गरि शक्ति संरचनाहरूलाई पुनः परिभाषित गर्ने । युवा महिला र किशोरीहरूको नेतृत्व र नवीनताका लागि अवसरहरू प्रदान गर्ने प्राथमिकता दिने ।

हरेक वर्ष संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडीपी) नेपालले अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा विभिन्न क्रियाकलाप र कार्यक्रमहरू आयोजना गर्दै विश्वव्यापी उपलब्धिहरू आत्मसाथ गर्न, परिवर्तनका लागि पहल गर्न र विश्वभरका महिला तथा किशोरीहरूको समानताको लागि सामाजिक जागरूकता बढाउन विविध पृष्ठभूमिका साझेदारहरूलाई एकत्रित गर्ने गर्दछ । जलवायु परिवर्तनले मानवताको अस्तित्वमाथि खतरा निम्त्याएको छ, जुन तातो हावा र तीव्र वर्षा सहित विभिन्न रूपहरूमा देखापरिरहेको छ र त्यसको मानिसहरूमाथि फरक-फरक प्रभाव परिरहेको छ । महिला, बालबालिका, वृद्धवृद्धा, सहरी गरिब र जोखिममा रहेका अन्य व्यक्तिहरू सबैभन्दा बढी प्रभावित छन् । यी भिन्नताहरू बारे सचेत हुनु महत्वपूर्ण छ, जसले समाधानहरूलाई बल प्रदान गर्न सक्छ । नेपालमा तातो हावाको लहर एउटा उदाउँदो समस्या हो, र महिला र किशोरीहरूलगायत जोखिममा रहेका समूहहरूमाथि त्यसको प्रभाव बुझ्नु र त्यसबारे सचेत हुनु अत्यन्तै आवश्यक र महत्वपूर्ण छ ।

यसै पृष्ठभूमिमा यो वर्ष युएनडीपी नेपालले शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय उच्च आयोग (युएनएचसीआर) सँगको सहकार्यमा “सबै महिला र छोरीहरूको अधिकार: समानता र सशक्तीकरणको हकदार" भन्ने नाराका साथ अन्तर्राष्ट्रिय महिला दिवस मनाउन गइरहेको छ र देहायका विषयहरूमा राष्ट्रिय तथा प्रदेशस्तरीय कविता प्रतियोगिता (छैठौं संस्करण) को आयोजना गर्नेछः

१. अधिकार, समानता, सशक्तीकरण, सबै महिला र छोरीहरूका लागि ।
२. महिला, बालबालिका, वृद्धवृद्धा र जोखिममा परेका अन्य समूहहरू जस्तै सीमान्तकृत समूहहरूमा तातो हावाको प्रभाव

**प्रमुख कार्यक्रमहरूः**

| क्र.सं. | कार्यक्रमरू | मिति | माध्यम |
|---|---|---|---|
| १. | अन्तर्राष्ट्रिय महिला दिवस २०२५ को उपलक्ष्यमा राष्ट्रिय तथा प्रदेशस्तरीय कविता प्रतियोगिता (छैठौं संस्करण)को घोषणा र दर्ता | सोमबार, १ फेब्रुअरी २०२५ | सामाजिक सञ्जाल |
| २. | दर्ताको अन्तिम मिति | शुक्रबार १४ फेब्रुअरी २०२५ | अनलाइन दर्ता |
| ३. | सहभागी विद्यालयहरूलाई अन्तर्राष्ट्रिय महिला दिवस २०२५ को मूल नाराबारे अभिमुखीकरण | बुधबार, १९ फेब्रुअरी २०२५ | भर्चुअल |
| ४. | प्रदेशस्तरीय कविता प्रतियोगिता | बुधबार, २६ फेब्रुअरी | भर्चुअल |

| | | | |
|---|---|---|---|
| | (सबै ७ प्रदेशहरूमा) | २०२५ | |
| ५. | राष्ट्रिय कविता प्रतियोगिता | शुक्रबार, ७ मार्च २०२५ | हाइब्रिड |

## उद्देश्यः

यस प्रतियोगिताको मुख्य उद्देश्य युवा विद्यार्थी र बालबालिकाहरूमाझ सचेतना जगाउनु हो, उनीहरूलाई आफ्ना विचार र धारणा व्यक्त गर्ने अवसर प्रदान गर्नु हो । यसले गरिबीसँग जुझ्दै, संस्थाहरू बढाउँदै र वित्तीय कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोण एकीकृत गरेर लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणलाई साकार पार्ने कार्यलाई तिब्रता दिने लक्ष्य लिएको छ।

- महिलाहरूको अवस्थाबारे चिन्तन गर्ने र त्यसबारे विचार र चासो अभिव्यक्त गर्ने
- महिला र किशोरीहरूको समानतामाथि लगानी गर्न आफ्ना चासोहरू व्यक्त गर्ने
- विद्यार्थीहरूलाई कवितामार्फत रचनात्मक रूपमा आफ्ना विचारहरू व्यक्त गर्न प्रोत्साहित गर्ने
- विद्यार्थीहरूमा वक्तृत्व र रचनात्मक सीपहरू विकास गर्ने

## प्रदेशस्तरीय कविता प्रतियोगिता

कविता प्रतियोगितामा नेपालका सातै प्रदेशका सबै सामुदायिक विद्यालयहरूले भाग लिन सक्नेछन् । नेपाल सरकारले नमुना विद्यालयको रूपमा पहिचान गरेका र महिला प्रधानाध्यापकहरूले नेतृत्व गरेका विद्यालयहरूलाई आवेदन दिन विशेष रूपमा प्रोत्साहित गरिन्छ । प्रतियोगिताको निर्दिष्ट उद्देश्य र विषयवस्तु अनुसार कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई आफ्ना कविताहरू पेश गर्ने अनुमति प्रदान गर्न उनीहरूलाई प्रोत्साहित गरिन्छ । प्रतियोगितामा भाग लिन इच्छुक विद्यालयहरूले अनलाइन दर्ता (Registration Form Link) गर्नुपर्छ र आयोजकले पहिले आउनेलाई पहिलो सेवाको आधारमा ती मध्ये १५ वटा विद्यालयहरू छनोट गर्नेछ । तदनुसार, निमन्त्रणा र अवधारणा पत्र सहभागी विद्यालयहरूलाई उपलब्ध गराइनेछ ।

सहभागी विद्यालयहरूले भर्चुअल प्रदेशस्तरीय कविता प्रतियोगितामा भाग लिन कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूमध्ये उत्कृष्ट एक जना कविको नाम र उनको कविताका साथै सहमति फारम लिखित रुपमा सम्बन्धित विद्यालयहरूबाट सम्बन्धित युएनडीपी फिल्ड अफिसमा पठाउनु पर्नेछ ।

इन्टरनेट सेवाको गुणस्तर कमजोर रहेको नेपालका ग्रामीण र पहाडी क्षेत्रका सहभागी विद्यालयहरूले आफ्नो लिखित र रेकर्ड गरिएका कविताहरू सहमति फारमसहित सम्बन्धित युएनडीपी फिल्ड अफिसमा प्रदेशस्तरीय कविता प्रतियोगिताको कम्तीमा पनि ३ दिन अघि बुझाउन प्रोत्साहित गरिन्छ ।
प्रदेशस्तरीय कविता प्रतियोगिता युएनडीपी फिल्ड अफिसहरूले २८ फेब्रुअरी २०२५ शुक्रबार बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म भर्चुअल रूपमा आयोजना गर्नेछन् । प्रत्येक प्रदेशबाट तीन उत्कृष्ट कविहरू (प्रथम, दोस्रो र तेस्रो) छनोट गरिनेछ, र प्रत्येक प्रदेशबाट निर्णायक मण्डलले सिफारिस गरेको उत्कृष्ट कवि (प्रथम कविता/विजेता) मध्ये एक जना राष्ट्रिय स्तरको कविता प्रतियोगितामा प्रवेश गर्नेछन् । राष्ट्रिय कविता प्रतियोगिता युएनडीपी नेपालको फेसबुक पेजमार्फत प्रत्यक्ष प्रसारण हुनेछ ।
हरेक प्रदेशस्थित युएनडीपी फिल्ड कार्यालय युएनडीपीसँग समन्वय गरी आ-आफ्नो प्रदेशका सम्बन्धित विद्यालयहरूसँग समन्वय गर्न जिम्मेवार हुनेछ ।

## राष्ट्रिय कविता प्रतियोगिता:

राष्ट्रिय कविता प्रतियोगिता युएनडीपी नेपालद्वारा शुक्रबार, ७ मार्च २०२४ का दिन बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म भौतिक र अनलाइन (हाइब्रिड) दुबै माध्यममा आयोजना गरिनेछ । सात वटा प्रदेश विजेताहरूले आफ्ना कविताहरू वाचन गर्नेछन् । राष्ट्रिय कविता प्रतियोगितामा तीन उत्कृष्ट कविहरू छनोट गरिनेछन् । उत्कृष्ट कविताहरू युएनडीपी वेबसाइट, सामाजिक सञ्जाल, प्रकाशनहरू आदिमा प्रकाशित गरिनेछ ।
कार्यक्रम युएनडीपी नेपालको फेसबुक पेजमार्फत प्रत्यक्ष प्रसारण हुनेछ ।

## सहभागिता:

प्रतियोगितामा नेपालका सातै प्रदेशका कक्षा आठदेखि १२ सम्मका सामुदायिक नमूना विद्यालयहरू वा शैक्षिक विज्ञहरूद्वारा पहिचान गरिएका र महिला प्रधानाध्यापकहरूद्वारा नेतृत्व गरिएका अन्य सामुदायिक विद्यालयहरूका विद्यार्थीहरू मात्र सहभागी हुन सक्नेछन् । छनोट भएका सहभागीहरूले अनलाइन गुगल फारम विधिवत रूपमा भरेर बुझाउनु पर्दछ । फारम युएनडीपी नेपालले उपलब्ध गराउने छ । दलित, आदिवासी, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरू, शरणार्थी, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, र सीमान्तकृत समुदाय आदिका विद्यार्थीहरूलाई प्रतियोगितामा सहभागी हुन प्रोत्साहित गरिन्छ ।

## बाल संरक्षण:

सहभागी विद्यालयहरूले देहाय अनुसारका कार्य सुनिश्चित गर्नुपर्छः

१. १८ वर्ष मुनिका सहभागी विद्यार्थीहरूलाई निजी विवरण पेश गर्ने सम्बन्धी सहमति फारममा कम्तीमा एक जना अभिभावक÷कानूनी संरक्षकले हस्ताक्षर गर्नुपर्नेछ ।
२. १८ वर्ष माथिका विद्यार्थीहरूले डाटा गोपनीयताको विषयमा आफ्नो लागि सहमति प्रदान गर्नुपर्नेछ ।
३. विद्यार्थी र निर्णायकहरूका लागि तस्विर/लाइभस्ट्रिम सहमति फारमको प्रयोग गरिनेछ ।
४. १८ वर्ष मुनिका प्रत्येक सहभागी विद्यार्थीको अभिभावकको परिचयपत्रको स्क्यान गरिएको प्रतिलिपि आवश्यक हुन्छ ।

युएनडीपी फिल्ड अफिसहरूले पनि प्रतियोगिता अघि अभिभावक र बालबालिका सहमति फारममा हस्ताक्षर गरिएको सुनिश्चित गर्नुपर्नेछ ।

**कविता प्रतियोगिताका नियमहरूः**

- कविता प्रतियोगिताको विषयवस्तुः “सबै महिला र छोरीहरूको अधिकारः समानता र सशक्तीकरणको हकदार” भन्ने नारा साथै महिला, बालबालिका, वृद्धवृद्धा र जोखिममा परेका अन्य समूहहरू जस्तै सीमान्तकृत समूहहरूमा तातो हावाको प्रभावका सम्बन्धमा आधारित हुनु पर्नेछ ।
- कविता स्व-रचना गरिएको सामग्रीमा आधारित हुनेछ । अनलाइन स्रोतहरू, प्रकाशनहरूबाट सारिएका वा शिक्षक÷अभिभावकहरूको सहयोगमा लेखिएका कविताहरू अयोग्य ठहर हुनेछन् ।
- सहभागीले कविताआफूलाई मनपर्ने कुनै पनि भाषा (नेपाली, अंग्रेजी, मातृभाषा) मा लेख्न र वाचन गर्न सक्नेछन् ।
- प्रत्येक प्रतियोगीलाई आफ्नो कविता वाचन गर्न बढिमा ५ मिनेटको समय दिइनेछ ।
- निर्णयको मापदण्ड विद्यार्थीहरूले दिइएको विषयवस्तुमा कविता वाचन गरेको आधारमा आधारित हुनेछः

  १. कविताको अन्तर्वस्तु
  २. अभिव्यक्ति र शारीरिक हाउभाउ
  ३. उच्चारण स्पष्टता
  ४. प्रस्तुति र शैली
  ५. नवीनता र पृथकता

निर्णायक मण्डलको निर्णय अन्तिम र सबै प्रतियोगीहरूका लागि बाध्यकारी हुनेछ ।

## निर्णायक मण्डल:

- प्रदेशस्तरीय प्रतियोगिताका लागि निर्णायक मण्डल युएनडीपी नेपालद्वारा निर्धारित गरिनेछ (निर्णायक मण्डलमा सिफारिस गरिएका तीन जना सदस्यहरूः मन्त्रालय, महिला उपमेयर/नेता, कवि, नीति निर्माता, लेखक, लैङ्गिक विज्ञ, अभियन्ता आदि)
- राष्ट्रिय प्रतियोगिताका लागि निर्णायक मण्डल युएनडीपी नेपालद्वारा निर्धारित गरिनेछ (निर्णायक मण्डलमा सिफारिस गरिएका तीन जना सदस्यहरूः मन्त्रालय, महिला उपमेयर/नेता, कवि, नीति निर्माता, लेखक, लैङ्गिक विज्ञ, अभियन्ता आदि)
- कविता प्रतियोगिताका लागि निर्णायकरूको छनोट र नियुक्तिमा युएनडीपी नेपालको पूर्ण स्वविवेक रहनेछ।

## जुम निमन्त्रणा:

प्रदेश स्तरीय प्रतियोगिताको लागि जुम बैठकको निमन्त्रणा लिङ्क युएनडीपी नेपालमार्फत पठाइनेछ ।

## पुरस्कार र प्रमाणपत्र:

प्रदेशस्तरीय कविता प्रतियोगिताका सबै सहभागीहरूले प्रशंसापत्र प्राप्त गर्नेछन् । निर्णायक मण्डलको लागि पनि प्रशंसा पत्रको व्यवस्था गरिने छ।
शीर्ष तीन उत्कृष्ट कविहरूलाई पुरस्कृत गरिनेछ, र विजेता (प्रथम कविता) ले राष्ट्रिय कविता प्रतियोगितामा भाग लिने अवसर प्राप्त गर्नेछ ।
उत्कृष्ट कविताहरू युएनडीपीको सामाजिक सञ्जाल, वेबसाइटहरू र प्रकाशनको रूपमा पोस्ट गरिनेछन् ।
राष्ट्रिय कविता प्रतियोगितासः राष्ट्रिय स्तरको कविता प्रतियोगिताका सबै सहभागीहरूले प्रशंसापत्र प्राप्त गर्नेछन् । निर्णायक मण्डलका लागि पनि प्रशंसा पत्रको व्यवस्था गरिनेछ ।
शीर्ष तीन उत्कृष्ट कविहरूलाई पुरस्कृत गरिनेछ, र उत्कृष्ट कविताहरू युएनडीपीको सामाजिक सञ्जाल, वेबसाइटहरू र प्रकाशनको रूपमा पोस्ट गरिनेछ ।

## प्रतिलिपि अधिकारः

गैरनाफामूलक रुपमा र लेखकहरूलाई सूचना नदिई कविताको अडियो र भिडियोहरूलाई प्रकाशन र/वा सार्वजनिक प्रचारप्रसारका लागि संग्रहित गर्ने अधिकार युएनडीपी नेपालमा नीहित रहनेछ ।